यो आकाशवाणी हो।    o13-9-26

समाचार तुलसा शर्माबाट सुन्नुहोस् ।

मुख्य समाचार।

- वित्तमन्त्रीले आज नयाँ दिल्लीमा ब्रिक्स शिखर सम्मेलनका क्रममा उज्बेकिस्तानका उपप्रधानमन्त्री तथा अर्थव्यवस्था एवं वित्तमन्त्री जमशिद कुचकारोसँग भेटवार्ता गर्नुभयो।
- प्रधानमन्त्रीले ब्रिक्स केवल देशहरूको समूह मात्र नभई समाधानहरूको एउटा सशक्त पारिस्थितिक प्रणाली रहेको बताउनुभयो।
- गृहमन्त्रीले 'सेवा सङ्कल्प अभियान' सञ्चालन गर्ने घोषणा गर्नुभएको छ। अनि
- भारतले नेपालका बाढी प्रभावित बेत्रावती क्षेत्रमा यातायात तथा सम्पर्क व्यवस्था पुनःस्थापित गर्नका लागि सत्तरी मिटर लामो बेली पुलका पुर्जाहरूको पहिलो खेप पठाएको छ।

सीतारामन–जमशिद कुचकारो

वित्तमन्त्री निर्मला सीतारामनले आज नयाँ दिल्लीमा ब्रिक्स शिखर सम्मेलनका क्रममा उज्बेकिस्तानका उपप्रधानमन्त्री तथा अर्थव्यवस्था एवं वित्तमन्त्री जमशिद कुचकारोसँग भेटवार्ता गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत गरिएको एक पोस्टमा श्रीमती सीतारामनले उक्त भेटवार्तामा दुवै पक्षबीच द्विपक्षीय आर्थिक तथा वित्तीय सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा छलफल भएको जानकारी दिनुभएको छ। उहाँले दुवै नेताले आपसी हितसँग सम्बन्धित विभिन्न क्षेत्रका विषयमा आफ्ना विचारहरू आदानप्रदान गर्नुभएको पनि बताउनुभएको छ।

संशो–ब्रिक्स सम्मेलन

प्रधानमन्त्री नरेन्द्र मोदीले ब्रिक्स केवल देशहरूको समूह मात्र नभई समाधानहरूको एउटा सशक्त पारिस्थितिक प्रणाली रहेको बताउनुभएको छ। उहाँले विगत दुई दिनका छलफलहरूले

यस विश्वासलाई अझ बलियो बनाएको उल्लेख गर्नुभएको छ। लचिलोपन, नवप्रवर्तन, सहयोग तथा दिगो विकाससम्बन्धी सत्रलाई सम्बोधन गर्दै श्री मोदीले ब्रिक्स सम्मेलनमा स्वीकार गरिएको 'नयाँ दिल्ली घोषणापत्र' ले साझा दृष्टिकोण तथा भावी सहकार्यका लागि स्पष्ट दिशा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

उहाँले सबै निर्णय तथा उपलब्धिहरूलाई निर्धारित समयसीमा भित्र यस्ता कार्यमा परिणत गर्नुपर्नेमा जोड दिनुभयो, जसको प्रभाव धरातलीय स्तरमा स्पष्ट रूपमा देखिन सकोस्। श्री मोदीले ब्रिक्स राष्ट्रहरूले मिलेर ब्रिक्सको संरचना केवल कागजी प्रक्रियामा सीमित नरही वास्तविक जीवनमा ठोस प्रभाव पार्ने सुनिश्चित गर्ने बताउनुभएको छ।

प्रधानमन्त्रीले ब्रिक्स आफ्नो तेस्रो दशकमा प्रवेश गर्न लागेको र विश्वले अब यस समूहबाट ठोस परिणामको अपेक्षा गरिरहेको बताउनुभएको छ। उहाँले सामूहिक प्रयासमार्फत ब्रिक्सले यी अपेक्षाहरू अवश्य पूरा गर्ने विश्वास व्यक्त गर्नुभएको छ। प्रधानमन्त्री मोदीले ब्रिक्सको आगामी अध्यक्षका रूपमा चीनलाई शुभकामना दिनुभएको छ। उहाँले नयाँ दिल्ली सम्मेलनलाई सफल बनाउन योगदान पुऱ्याउने सबै ब्रिक्स राष्ट्रहरू, साझेदार राष्ट्रहरू तथा उनीहरूका टोलीहरूको प्रशंसा गर्नुभएको छ। प्रधानमन्त्रीले सम्मेलनमा नेताहरूको सक्रिय सहभागिता तथा बहुमूल्य योगदानका लागि आभार व्यक्त गर्नुभयो। श्री मोदीले नेताहरूका महत्वपूर्ण विचार र सुझावहरूले सहकार्यलाई अझ व्यापक र सुदृढ बनाएको बताउनुभएको छ। उहाँले नेताहरूको उपस्थिति ब्रिक्सको बढ्दो महत्व, खुलापन तथा समावेशिताको प्रमाण रहेको उल्लेख गर्नुभएको छ।

अमित शाह–सेवा अभियान

गृहमन्त्री अमित शाहले आज भारतीय जनता पार्टीका कार्यकर्ता, एन.डी.ए-का सहयोगी दल तथा विभिन्न स्वयंसेवी संस्थाहरूले सत्र सेप्टेम्बरदेखि सत्र अक्टोबरसम्म देशभर 'सेवा सङ्कल्प अभियान' सञ्चालन गर्ने घोषणा गर्नुभएको छ। मुम्बईमा सञ्चारकर्मीसँग कुराकानी गर्दै श्री शाहले यस अभियानको उद्देश्य जनसहभागितामार्फत विकसित भारत निर्माणमा योगदान पुऱ्याउनु रहेको बताउनुभएको छ।

केन्द्रीय गृहमन्त्री अमित शाहले आज स्वतन्त्रता सेनानी जतिन्द्रनाथ दासको पुण्यतिथिका अवसरमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत गरिएको एक पोस्टमा श्री शाहले जतिन्द्रनाथ दासले सानै उमेरमा ब्रिटिश शासनविरुद्ध सङ्घर्षको बाटो रोज्नुभएको र जेलमा भोग्नुपरेका यातनाले समेत उहाँको साहसलाई कमजोर बनाउन नसकेको बताउनुभएको छ।

भारत–नेपाल सहायता

भारतले नेपालका बाढी प्रभावित बेत्रावती क्षेत्रमा यातायात तथा सम्पर्क व्यवस्था पुनःस्थापित गर्नका लागि सत्तरी मिटर लामो बेली पुलका पुर्जाहरूको पहिलो खेप पठाएको छ। नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले सामाजिक सञ्जालमार्फत पुलका पुर्जाहरूको पहिलो खेप हिजो हेटौँडामा नेपालको सडक विभागलाई हस्तान्तरण गरिएको जानकारी दिनुभएको छ। उहाँले आगामी दिनहरूमा पुलका बाँकी पुर्जाहरूको थप खेप पनि त्यहाँ आइपुग्ने बताउनुभएको छ । विदेश मन्त्रालयका अनुसार भारतले हालसम्म नेपाललाई एक सय तीस टनभन्दा बढी राहत सामग्री पठाइसकेको छ।

सामाजिक न्याय–स्वच्छता

सामाजिक न्याय तथा अधिकारिता मन्त्रालयले आज देशभर करिब सतासी हजार स्वच्छता कर्मचारीहरूलाई व्यक्तिगत सुरक्षा उपकरण अर्थात् पीपीई किट उपलब्ध गराइएको जनाएको छ। यसका साथै, सुरक्षित कार्य वातावरण तथा स्वास्थ्य सुरक्षाको सुनिश्चितताका लागि

छयहत्तर हजारभन्दा बढी कर्मचारीहरूलाई विभिन्न स्वास्थ्य बीमा योजनाको दायरामा समेटिएको छ। सरकारले स्वच्छता कर्मचारीहरूको कल्याण तथा सम्मानका लागि निरन्तर विभिन्न कदम चालिरहेको छ। यसअन्तर्गत कर्मचारीहरूको विवरण तयार गर्ने, सुरक्षा उपकरण उपलब्ध गराउने, स्वास्थ्य बीमा सुविधा प्रदान गर्ने, आर्थिक सहायता गर्ने तथा सुरक्षा पूर्वाधारलाई सुदृढ बनाउने कार्यहरू गरिँदै आएको छ। सामाजिक न्याय तथा अधिकारिता मन्त्रालयका सचिव सुधांश पन्तले नौ सय त्रियासी स्वच्छता कर्मचारीहरूका लागि करिब चौँतीस करोड रुपैयाँ अग्रिम पूँजीगत अनुदान जारी गरिएको जानकारी दिनुभएको छ, जसबाट उनीहरूले तीन सय चौसट्ठी सवारीसाधन खरिद गर्न सक्नेछन्।

भारतीय रेल–अगस्ट

भारतीय रेलले अगस्ट दुई हजार छब्बीस मा माल ढुवानीमा वार्षिक आधारमा पाँच दशमलव चार प्रतिशतको उल्लेखनीय वृद्धि दर्ज गरेको छ। यस अवधिमा रेलमार्फत तेह्र करोड उनान्सय लाख टन माल ढुवानी गरिएको छ। गत वर्ष अगस्ट दुई हजार पच्चीस मा यो आँकडा तेह्र करोड नौ लाख टन रहेको थियो। रेल मन्त्रालयका अनुसार, अगस्ट दुई हजार पच्चीसको तुलनामा यसपटक माल ढुवानीबाट प्राप्त राजस्वमा पनि छ दशमलव सत्ताइस प्रतिशतले वृद्धि भएको छ।

आयुष–नयाँ दिल्ली घोषणापत्र

आयुषमन्त्री प्रतापराव जाधवले नयाँ दिल्ली घोषणापत्रमा परम्परागत, पूरक तथा एकीकृत चिकित्सा पद्धति–टी.सी.आई.एम लाई मान्यता प्राप्त हुनु परम्परागत चिकित्साको क्षेत्रमा विश्वव्यापी सहकार्यलाई सुदृढ बनाउने दिशामा महत्वपूर्ण कदम रहेको बताउनुभएको छ। श्री जाधवले आज ब्रिक्स स्वास्थ्य ट्र्याकअन्तर्गत परम्परागत चिकित्सा पद्धतिसम्बन्धी प्रस्तावित ब्रिक्स विशेषज्ञ कार्यसमूहले सदस्य राष्ट्रहरूलाई ज्ञान आदानप्रदान गर्न, अनुसन्धानलाई सुदृढ बनाउन तथा प्रमाणमा आधारित दृष्टिकोणलाई अघि बढाउन सशक्त मञ्च प्रदान गर्ने बताउनुभएको छ।

मुख्य समाचार फेरि एकपल्ट

- वित्तमन्त्रीले आज नयाँ दिल्लीमा ब्रिक्स शिखर सम्मेलनका क्रममा उज्बेकिस्तानका उपप्रधानमन्त्री तथा अर्थव्यवस्था एवं वित्तमन्त्री जमशिद कुचकारोसँग भेटवार्ता गर्नुभयो।
- प्रधानमन्त्रीले ब्रिक्स केवल देशहरूको समूह मात्र नभई समाधानहरूको एउटा सशक्त पारिस्थितिक प्रणाली रहेको बताउनुभयो।
- गृहमन्त्रीले 'सेवा सङ्कल्प अभियान' सञ्चालन गर्ने घोषणा गर्नुभएको छ। , अनि
- भारतले नेपालका बाढी प्रभावित बेत्रावती क्षेत्रमा यातायात तथा सम्पर्क व्यवस्था पुनःस्थापित गर्नका लागि सत्तरी मिटर लामो बेली पुलका पुर्जाहरूको पहिलो खेप पठाएको छ।